के म तिमीहरूलाई स्वर्गवासीहरूको विशेषताहरू नबताउँ? प्रत्येक कमजोर र विनम्र व्यक्ति, यदि उसले अल्लाहको कसम खान्छ भने, अल्लाहले उसको कसम पूरा गर्नेछन्। के म तिमीलाई नर्कवासीहरूको विशेषताहरू नबताउँ? प्रत्येक कठोर, विद्रोही, कंजूस र अहंकारी व्यक्ति।

हारिसा बिन वहब अल खोजाई (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले रसूल
(सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुने: "के म तिमीहरूलाई स्वर्गवासीहरूको विशेषताहरू नबताउँ? प्रत्येक कमजोर र विनम्र व्यक्ति, यदि उसले अल्लाहको कसम खान्छ भने, अल्लाहले उसको कसम पूरा गर्नेछन्। के म तिमीलाई नर्कवासीहरूको विशेषताहरू
नबताउँ? प्रत्येक कठोर, विद्रोही, कंजूस र अहंकारी व्यक्ति।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्वर्गवासी र नर्कवासीहरूको केही विशेषताहरू वर्णन गर्नुभएको छ। "कमजोर र विनम्र" व्यक्तिहरु नै स्वर्गका अधिकांश मानिसहरू हुनेछन्। यसैकारण केही मानिसहरूले तिनीहरूलाई कमजोर र तुच्छ ठान्नेछन्। तर अल्लाहको दृष्टिमा तिनीहरूको महानता यस्तो हुनेछ कि यदि तिनीहरूले अल्लाहको अनुग्रह र दयाको आशामा शपथ खाए भने, अल्लाहले तिनीहरूको शपथको सम्मान गर्नेछन् र तिनीहरूको इच्छाहरू पूरा गर्नेछन्। जबकि नर्कमा धेरैजसो मानिसहरू बदमास, झगडालु वा विद्रोही हुनेछन्, जसले कुनै पनि राम्रो कुरा सुन्ने छैनन्। त्यसैगरी अहंकारी, घमण्डी र भारी शरीर भएको हुनेछन्, जसले सत्यलाई अस्वीकार गर्नेछ र अरू मानिसहरूलाई तुच्छ ठान्नेछ।

http://sunnah.global/hadeeth/ne/show/3573